कोहलपुर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

कोहलपुर - बाँके

Google Plus Code

5MXQ+5CJ Kohalpur

लुम्बिनी प्रदेश, नेपाल

प:.सं. २०८१/०८२ (शिक्षा तथा खेलकुद शाखा)

च:.नं. ४६६

मिति : २०८२/०१/२२

विषय : उच्च शिक्षा शैक्षिक छात्रवृत्ति कार्यक्रम सम्बन्धमा।

श्री सम्बन्धित सरोकारवालाहरू सबै !

कोहलपुर - बाँके।

प्रस्तुत विषयमा कोहलपुर नगरपालिकाको आ. व. २०८१/०८२ अन्तरगत स्वीकृत कार्यक्रम अन्तरगत शैक्षिक छात्रवृत्ति कार्यक्रमका लागि विद्यालय तथा विश्वविद्यालय तहमा अध्ययनरत विद्यार्थीहरूको लागि प्रदान गरिने छात्रवृत्ति व्यवस्थापन सम्बन्धी निर्देशिका -२०८१ बमोजिम सामुदायिक महाविद्यालय (क्याम्पस) तथा विश्वविद्यालयमा उच्च शिक्षा साधारण तथा प्राविधिक धारतर्फ अध्ययनरत विद्यार्थीले तपसिल बमोजिमको आवश्यक प्रावधान तथा कागजात सहित यो सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र निवेदन पेश गर्न सम्बन्धित सबैका लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिल : आवश्यक कागजात तथा प्रावधानहरू :

१. निवेदनको ढाँचा शिक्षा तथा खेलकूद शाखाबाट प्राप्त गर्न सकिने,

२. विद्यार्थी सामुदायिक महाविद्यालय वा विश्वविद्यालयमा साधारण वा प्राविधिक धारतर्फ उच्च शिक्षातर्फ अध्ययनरत हुनु पर्ने,

३. विद्यार्थीले आफ्नो शैक्षिक योग्यताका प्रमाणपत्रका साथै व्यक्तिगत प्रमाणपत्रहरू नागरिकताको स्वयं प्रमाणित प्रतिलिपिहरू पेश गर्नु पर्ने,

४. विद्यार्थी कोहलपुर नगरपालिकाको स्थायी बासिन्दा भई कोहलपुर वा अन्यत्रको सामुदायिक शैक्षिक संस्थामा अध्ययनरत रहेको खण्डमा सम्बन्धित शैक्षिक संस्थाको सिफारिस पत्र,

५. विद्यार्थी कोहलपुर बाहिरको भई कोहलपुर नगरपालिका अन्तरगतको सामुदायिक वा सरकारी शैक्षिक संस्थामा अध्ययनरत रहेको भएमा सम्बन्धित शैक्षिक संस्थाको सिफारिस पत्र,

६. विद्यार्थीले आफ्नो स्थायी ठेगाना भएको स्थानीय तहबाट गरिब, विपन्न वा लक्षित समुदायको सिफारिस गरिएको पत्र,

७. अध्ययनरत शैक्षिक संस्थामा अध्ययन गरेको वर्षमा भएको शैक्षिक शुल्कहरूको बिल भर्पाई वा वर्षभरी लाग्न सक्ने शैक्षिक शुल्कबारे सम्बन्धित संस्थाको सिफारिस पत्र,

८. विद्यार्थीले पेश गरेका विवरण तथा कागजातहरूको सत्य तथ्य भएको र कानून बमोजिम जिम्मेवार रहेको स्वयं घोषणाको पत्र,

९. निर्धारित समय सीमाभित्र पेश नभएका वा आवश्यक प्रावधान तथा कागजातहरू पुरा नभएका निवेदन उपर कुनै कारवाही नहुने,

१०. छात्रवृत्ति तथा प्रोत्साहनका लागि दोहोरो सुविधा प्राप्त नहुने हुँदा दोहोरो सुविधा प्राप्त नगरेको घोषणा पत्र पेश गर्ने,

११. छात्रवृत्ति प्राप्त गरेको खण्डमा नगरपालिकाले तोकेको स्थान, समय र क्षेत्रमा Internship or Volunteer Service को लागि कबुलियतनामा गर्नु पर्ने।

पुनश्च : प्राप्त निवेदनको आधारमा विनियोजित बजेट तथा कार्यक्रमबाट छात्रवृत्ति सम्बन्धी निर्देशिकाको अधीनमा रही छात्रवृत्तिको व्यवस्थापन समितिले निर्धारण गरे बमोजिम हुनेछ।

२२/१/२२

..............................

रामबहादुर हमाल

शाखा प्रमुख/उपसचिव